माडी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
घर्तीगाउँ, रोल्पा
लुम्बिनी प्रदेश, नेपाल

# स्थानीय राजपत्र

खण्ड : ७ संख्याः ९ मितिः २०८०/१०/०७

भाग-२

# माडी गाउँपालिकाको गाउँपालिका अनुदान स्वयम् सेवक शिक्षक ब्यवस्थापन कार्यविधि, २०८०

**प्रस्तावनाः-**

माडी गाउँपालिका भित्र संचालित सामुदायिक विद्यालयहरुमा शून्य शिक्षक दरवन्दी तथा उच्च शिक्षक विद्यार्थी अनुपातलाई मध्येनजर गरी शिक्षकको मागलाई पूर्ति गर्न गाउँपालिका अनुदान स्वयम् सेवक शिक्षक छनौटको मापदण्ड निर्धारण, परीक्षा संचालन, नियुक्ति तथा पदस्थापनालाई व्यवस्थित मर्यादित एवम् स्तरीय बनाउन र योग्य एवम् सक्षम जनशक्तिको छनौट गरी शिक्षाको गुणस्तर अभिवृद्धि गर्न गाउँपालिका अनुदान स्वयम् सेवक शिक्षक व्यवस्थापन कार्यविधि,२०७९ बनाई जारी गरिएको छ ।

## अनुच्छेद-१

प्रारम्भिकः

**१.संक्षिप्त नाम र प्रारम्भः** यो कार्यविधिको नाम " गाउँपालिका अनुदान स्वयम् सेवक शिक्षक व्यवस्थापन कार्यविधि,२०७९" रहेको छ ।

**२.प्रारम्भः** यो कार्यविधि गाउँ कार्यपालिकाबाट स्वीकृत भएको मितिदेखि लागू हुनेछ ।

**३.परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

क. "पूर्व प्राथमिक विद्यालय" भन्नाले चार वर्ष उमेर पुरा गरेका बालबालिका एक वर्षको पूर्व प्राथमिक शिक्षा दिने विद्यालयलाई सम्झनु पर्छ ।

ख. "प्राथमिक शिक्षा " भन्नाले कक्षा एक देखि कक्षा पाँचसम्म दिईने शिक्षालाई सम्झनु पर्छ ।

ग. "निम्न माध्यमिक शिक्षा" भन्नाले कक्षा छ देखि कक्षा आठसम्म दिईने शिक्षालाई सम्झनु पर्छ ।

घ. " माध्यमिक शिक्षा " भन्नाले कक्षा आठ देखि कक्षा बाह्रसम्म दिईने शिक्षालाई सम्झनु पर्छ ।

ङ. "कार्यपालिका " भन्नाले माडी गाउँपालिकाको गाउँ कार्यपालिकालाई सम्झनु पर्छ ।

च. "गाउँपालिका" भन्नाले नेपालको संविधान बमोजिम गठन भएको माडी गाउँपालिकालाई सम्झनु पर्छ ।

छ. "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले माडी गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ ।

ज. "छनौट समिति" भन्नाले नियम १० बमोजिम गठन हुने स्वयम् सेवक शिक्षक छनौट समितिलाई सम्झनु पर्छ ।

झ. "प्रधानाध्यापक" भन्नाले शिक्षा नियमावली २०५९ को नियम ९३ बमोजिम नियुक्त विद्यालयको प्रधानाध्यापकलाई सम्झनु पर्छ ।

ञ. "अध्यक्ष" भन्नाले गाउँपालिकाको अध्यक्षलाई सम्झनु पर्छ ।

ट. "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ ।

ठ. "व्यवस्थापन समिति" भन्नाले संघीय शिक्षा ऐनको दफा १२ बमोजिम गठन भएको विद्यालय व्यवस्थापन समितिलाई सम्झनु पर्छ ।

ड. "शाखा प्रमुख" भन्नाले गाउँपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखाको प्रमुख तथा सो प्रमुखको कामकाज हेर्ने कर्मचारीलाई सम्झनु पर्छ ।

ढ. "शिक्षा अधिकृत" भन्नाले गाउँपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखाको अधिकृतलाई सम्झनु पर्छ ।

ण. " शिक्षा, युवा तथा खेलकुद शाखा" भन्नाले गाउँपालिकामा रहेको शिक्षा युवा तथा खेलकुद हेर्ने शाखालाई सम्झनु पर्छ ।

त. "शिक्षक सेवा आयोग" भन्नाले संघीय कानून बमोजिम गठन भएको शिक्षकहरुको नियुक्ति सिफारिस आदि गर्ने आयोगलाई सम्झनु पर्छ ।

थ. " गाउँपालिका अनुदान स्वयम् सेवक शिक्षक" भन्नाले गाउँपालिकाद्वारा व्यवस्थित कार्यपालिकाबाट तोकिएको अनुदान पाउने गरी गाउँपालिका अनुदान स्वयम् सेवकका रुपमा कार्य गर्न इच्छुक बाल विकासदेखि प्राथमिक, निम्न माध्यमिक तथा माध्यमिक तहमा शिक्षण गर्ने अध्यापकलाई सम्झनु पर्छ ।

द. "विषय विशेषज्ञ" भन्नाले गाउँपालिका अनुदान स्वयम् सेवक शिक्षक छनौट परीक्षा संचालनको लागि गाउँपालिकाको अध्यक्षबाट छनौट भएका शिक्षकहरुलाई सम्झनु पर्छ ।

ध. "गाउँसभा" भन्नाले संघीय कानून बमोजिम गठन भएको माडी गाउँसभालाई सम्झनु पर्दछ ।

## परिच्छेद-२
## अनुदानका लागि कोटा सिर्जना, योग्यता र छनौट तथा नियुक्ति प्रक्रियाः

४.गाउँपालिका अनुदान स्वयम् सेवक शिक्षक अनुदानका लागि कोटा सिर्जना गर्न सक्नेः(१) गाउँसभाबाट स्वीकृत कार्यक्रम अनुसार गाउँकार्यपालिकाले बालविकास, प्राथमिक, निम्न माध्यमिक र माध्यमिक तहका गाउँपालिका अनुदान स्वयम् सेवक शिक्षकको कोटा वितरण देहाय बमोजिमका मापदण्डको आधारमा गरिनेछः

क. विद्यालय संचालनमा रहेर पनि हालसम्म तहगत रुपमा शून्य दरबन्दी भएको विद्यालयहरुलाई प्राथमिकता

ख. उच्च विद्यार्थी संख्या, विद्यालयका आवश्यकताका आधार, आधारभूत तह ६-८ र माध्यमिक तह संचालित विद्यालयहरुको हकमा विषयगत दरबन्दीलाई समेत आधार लिई वितरण गरिनेछ ।

**५. गाउँपालिका अनुदान स्वयम् सेवक शिक्षकको योग्यता तथा तालिम सम्बन्धि व्यवस्थाः** नियम (४) को उपनियम १ बमोजिम सिर्जना भएका कोटामा नियुक्त हुने गाउँपालिका अनुदान स्वयम् सेवक शिक्षकको योग्यता तथा तालिम देहाय बमोजिम हुनेछः

५.१ वालविकास शिक्षकको लागि कम्तिमा पनि एस.एल.सी. वा सो सरह उतीर्ण

५.२ प्राथमिक तहको हकमा मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रविणता प्रमाणपत्र तह वा सो सरहको परीक्षा उतीर्ण गरेको

५.३ निम्न माध्यमिक तहको हकमा मान्यता प्राप्त शिक्षण संस्थाबाट परीक्षा दिने विषयमा प्रविणता प्रमाणपत्र तह वा सो सरहको परीक्षा उतीर्ण गरेको

क. सामाजिक विषयको हकमा प्रमाणपत्र तह वा सो सरह उतीर्ण गरेको

ख. कम्प्यूटर विषयको हकमा मान्यता प्राप्त संस्थाबाट कम्प्यूटर विषयमा कम्तिमा पनि डिप्लोमा गरेको साथै कुनै पनि विषयमा प्रविणता प्रमाणपत्र तह वा सो सरहको परीक्षा उतीर्ण गरेको

ग. गणित विज्ञान विषयको हकमा गणित र विज्ञान दुबै विषयहरु लिई प्रमाणपत्र वा सो सरह परीक्षा उतीर्ण गरेको

५.४ माध्यमिक तहको हकमा मान्यता प्राप्त शिक्षण संस्थाबाट परीक्षा दिने विषयमा स्नातक तह वा सो सरहको परीक्षा उतीर्ण गरेको

क.सामाजिक अध्ययन विषयको हकमा स्नातक तह वा सो सरह उतीर्ण गरेको

ख.सामाजिक विषयको हकमा स्नातक तह वा सो सरह उतीर्ण गरेको

ग.गणित विज्ञान विषयको हकमा गणित र विज्ञान दुबै विषयहरु लिई स्नातक तह वा सो सरह परीक्षा उतीर्ण गरेको

घ.स्वास्थ्य शिक्षा जनसंख्या शिक्षा स्वास्थ्य जनसंख्या र वातावरण शिक्षा तथा स्वास्थ्य र शारीरिक शिक्षा विषयका लागि स्वास्थ्य शिक्षा स्वास्थ्य जनसंख्या तथा वातावरण शिक्षा तथा स्वास्थ्य र शारीरिक शिक्षा विषय मध्ये कुनै एक मूल विषय लिई स्नातक तह वा सो सरह उतीर्ण गरेको

**६.गाउँपालिका अनुदान स्वयम् सेवक शिक्षक नियुक्ति प्रक्रियाः** शिक्षक पदमा नियुक्तिको लागि यो कार्यविधि लागू हुनु भन्दा पहिले विद्यालयमा निरन्तर सेवामा रहेका निजि स्तरमा राखिएका शिक्षकहरु गाउँपालिका अनुदान स्वयम् सेवक शिक्षकको रुपमा गाउँपालिकाले तोकेको

न्युनतम **निर्वाह खर्च**मा मञ्जुरी भएमा उनिहरुलाई नै पहिलो प्राथमिकता दिनु पर्नेछ। उनिहरुको हकमा योग्यताको अतिरिक्त अध्यापन अनुमतिपत्रको प्रावधान बाध्यकारी हुने छैन । तर विद्यालयमा रिक्त कोटा वा नयाँ गाउँपालिका अनुदान स्वयम् सेवक छनौट गर्दा विद्यालयमा दरखास्त परेका उम्मेदवार मध्ये परीक्षामा सहभागी मध्ये सफल उम्मेदवारलाई नियुक्तिको लागि सिफारिस गरिनेछ। यस कार्यविधि प्रारम्भका वखत कार्यरत शिक्षक स्वतः यसै कार्यविधि बमोजिम नियुक्त भएका गाउँपालिका अनुदान स्वयम् सेवक शिक्षक मानिनेछन् ।

**७. उम्मेदवारको लागि अयोग्यताः** देहायका व्यक्तिहरु गाउँपालिका अनुदान स्वयम् सेवक शिक्षक अनुदान पदमा उम्मेदवार हुनको लागि योग्य हुन सक्ने छैननः

क. गैर नेपाली नागरिक

ख. १८ वर्ष उमेर नपुगेको

ग. मगज विग्रिएको

घ. नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसूरदार ठहरिएको

ङ. गाउँपालिकाको ऐन, कानून र निर्देशिका पालना नगरेको

च. एक पटक गाउँपालिका अनुदान स्वसम् सेवकको रुपमा कार्य गरेको शिक्षकको कार्य सम्पादन सन्तोषजनक नदेखिएको

**८.पाठ्यक्रम परीक्षा प्रणाली तथा मूल्याङ्कन प्रकृयाः** परीक्षाको पाठ्यक्रम परीक्षा प्रणाली तथा मूल्याङ्कन प्रकृया शिक्षक सेवा आयोगले तोके बमोजिम हुनेछ ।

**९. गाउँपालिका अनुदान स्वयम् सेवक शिक्षकको पदपूर्ति देहाय बमोजिम हुनेछः**

क. गाउँपालिका अनुदान स्वयम् सेवक शिक्षक अनुदान कोटा निर्धारण गाउँपालिका अन्तर्गतका सामुदायिक विद्यालयहरुमा शून्य दरबण्दीका विद्यालयहरुलाई गाउँ कार्यपालिकाको निर्णय अनुसार उपलब्ध गराईएको कोटामा नियुक्ति गरिनेछ,

ख. उप-नियम (१) बमोजिम उपलब्ध गराईएको कोटामा पछि रिक्त हुन गएमा तोकिएको योग्यता पुगेका उम्मेदवारहरु बीच खुला प्रतियोगितात्मक परीक्षाद्वारा पदपूर्ति गरिनेछ,

**१०. गाउँपालिका अनुदान स्वयम् सेवक शिक्षकको छनौट सम्बन्धी व्यवस्थाः** गाउँपालिका अनुदान स्वयम् सेवक शिक्षक छनौट सम्बन्धि व्यवस्था अन्य शिक्षक नियुक्ति सरह नै हुनेछ । गाउँ शिक्षा ऐन, नियमावली र कार्यविधि मार्गदर्शकको रुपमा रहनेछन । विद्यालय व्यवस्थापन समितिले आवश्यक समन्वय र सहकार्य गाउँ शिक्षा शाखा संग गर्नेछ । परीक्षा केन्द्र गाउँपालिकामा रहनेछ । लिखित अन्तरवार्ताबाट सर्वोकृष्ट शिक्षकलाई नियुक्तिका

लागि छनौट समितिले विद्यालय व्यवस्थापन समितिलाई सिफारिस गर्नेछ ।

**११. प्रोत्साहन भत्ता उपलब्ध गराईनेः**

क. माडी गाउँ सभाले विनियोजन गरेको गाउँपालिका अनुदान स्वयम् सेवक शिक्षक अनुदान शिर्षकको अधिनमा रहि गाउँ कार्यपालिकाको निर्णय अनुसार गाउँपालिका अनुदान स्वयम् सेवक शिक्षकहरुको लागि प्रोत्साहन भत्ता तत् तत् विद्यालयमा अनुदान स्वरुप उपलब्ध गराईनेछ र विद्यालयले सो रकमबाट गाउँपालिका अनुदान स्वयम् सेवक शिक्षकको प्रोत्साहन भत्ता बाहेक अन्य क्षेत्रमा खर्च गर्न पाउने छैन,

ख. यस्ता शिक्षकहरुको दीर्घकालिन दायित्वको व्ययभार विद्यालय वा पालिकाले व्यहोर्ने छैन । विदा संचित रहने छैन । तर भैपरी पर्व विरामी सुत्केरी र क्रिया विदा उपयोग गर्न भने बाधा पर्ने छैन ।यो विदा अन्य शिक्षकले सरह नै पाउनेछन,

ग. गाउँपालिका अनुदान स्वयम् सेवक शिक्षकको नियुक्ति प्रक्रिया सम्बन्धित कार्यमा खटिएका जनशक्ति र मसलन्द खर्च प्रचलित आर्थिक नियम बमोजिम सम्बन्धित विद्यालयले नै वेहोर्नु पर्नेछ ।

## परिच्छेद-३
## विविध

**१२. गाउँपालिका अनुदान स्वयम् सेवक शिक्षक अनुदान थपघट वा खारेज गर्न सकिनेछः** संघीय सरकार तथा प्रदेश सरकारबाट शिक्षक दरबन्दी प्राप्त भएमा वा नभए र विद्यालयमा प्रयाप्त शिक्षक भएमा वा नभएमा कोटा थपघट गर्न सकिनेछ ।

**१३.अन्तिम व्याख्याः** यो कार्यविधि जारी हुनु अगाडि विद्यालयमा निजि शिक्षकको रुपमा नियुक्ति भएका शिक्षकहरु यसै कार्यविधि बमोजिम नियुक्ति भएको मानिनेछ ।

**१६.खारेजीः** गाउँकार्यपालिकाले यो कार्यविधि आ.व. २०८०/०८१ को पहिलो महिनासम्म मात्र परीक्षणको रुपमा लागू गर्नेछ र उचित नठानेमा जुनसुकै वखत खारेज गर्न सक्नेछ ।

क. प्रतिष्ठानको बेग्लै कार्यालय रहनेछ,

ख. प्रतिष्ठानको कार्यालय गाउँपालिकाले निर्धारण र उपलब्ध गराएको स्थान र भवनमा रहनेछ,

ग. प्रतिष्ठानलाई आवश्यक पर्ने कर्मचारी व्यवस्था गाउँपालिकाले गर्नेछ र कर्मचारीको आर्थिक दायित्व समेत गाउँपालिकाले वहन गर्नेछ ।

घ. कर्मचारी तथा अन्य आवश्यकता वारे प्रतिष्ठानले गाउँपालकालाई जानकारी गराउने पर्नेछ ।

ङ. प्रतिष्ठानको वेग्लै छाप लेटर प्याड र साइनवोर्ड हुनेछ ।

च. प्रतिष्ठानकको छाप लेटर प्याड र साइनवोर्ड प्रतिष्ठान गठन भएपछि प्रतिष्ठानको पहिलो वैठकले निर्धारण गरे बमोजिम हुनेछ ।

## परिच्छेद-६

## विविध

**१७.संशोधन :**

क. प्रतिष्ठानको संचालन कार्यविधि संशोधन गर्न आवश्यक भएमा प्रतिष्ठानले तयार गरी गाउँपालिकाको अध्यक्ष समक्ष पेश गर्नुपर्नेछ ।

ख. दफा १ बमोजिमको प्रस्ताव उपयुक्त लागेमा गाउँपालिका अध्यक्षले कार्यपालिकामा पेश गरी कार्यपालिकाबाट स्वीकृत भएमा मात्र संचालन कार्यविधि संशोधन भई कार्यान्वयन हुनेछ ।

ग. कुनै विषय अस्पष्टता भई विवाद भई निरुपण हुन नसकेको खण्डमा सो विषयमा गाउँ कार्यपालिकाले गरेको निर्णय अन्तिम हुनेछ,

१८.**बचाउ र खारेजी** : माडी गाउँपालिकाको प्रज्ञा प्रतिष्ठान संचालन कार्यविधि नेपालको संविधान तथा प्रचलित कानूनसंग बाँझिएमा बाँझिएको हदसम्म बदरभागी हुनेछ,

१९.शपथः प्रतिष्ठानको पदेन बाहेक पदाधिकारी तथा सदस्यहरुले आ– आफ्नो पदभार संहाल्नु अघि अध्यक्षले, गाउँपालिका अध्यक्ष समक्ष र अन्य पदाधिकारी तथा सदस्यहरुले अध्यक्षसमक्ष शपथ लिनुपर्नेछ ।